आज मिति २०८३ साल वैशाख १४ गते सोमबारका दिन यस बारबर्दिया नगरपालिकाको १२ औं नगरकार्यपालिका बैठक नगर प्रमुख श्री छविलाल थारुज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा बसि पेश भएका प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम निर्णय पारित गरियो।

तपसिल:-

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | छविलाल थारु | नगर प्रमुख | |
| २ | रत्न कुमारी पाण्डे | नगर उप-प्रमुख | |
| ३ | कैलासपति थारु | १ नं. वडा अध्यक्ष | |
| ४ | राम फेरन थारु | २ नं. वडा अध्यक्ष | |
| ५ | नन्दलाल थारु | ३ नं. वडा अध्यक्ष | |
| ६ | सिताराम योगी | ४ नं. वडा अध्यक्ष | |
| ७ | लाल बहादुर थारु चौधरी | ५ नं. वडा अध्यक्ष | |
| ८ | झग बहादुर वली क्षेत्री | ६ नं. वडा अध्यक्ष | |
| ९ | इन्द्र प्रसाद थारु चौधरी | ७ नं. वडा अध्यक्ष | |
| १० | नर बहादुर चन्द | ८ नं. वडा अध्यक्ष | |
| ११ | देवेन्द्र कुमार बिष्ट | ९ नं. वडा अध्यक्ष | |
| १२ | रण बहादुर चौधरी | १० नं. वडा अध्यक्ष | |
| १३ | विजय कुमार चौधरी | ११ नं. वडा अध्यक्ष | |
| १४ | धर्मी तारमी | कार्यपालिका सदस्य | |
| १५ | खिमा परियार | कार्यपालिका सदस्य | |
| १६ | श्याम कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १७ | इन्दर कुमारी थारु | कार्यपालिका सदस्य | |
| १८ | बेलमोती कुमारी वैद्य | कार्यपालिका सदस्य | |
| १९ | मातृका प्रसाद राजी | कार्यपालिका सदस्य | |
| २० | पुश्कल बहादुर बि.क. | कार्यपालिका सदस्य | |
| २१ | दैनिता बि.क. | कार्यपालिका सदस्य | |
| २२ | गौतम भण्डारी | सदस्य-सचिव | |
| २३ | लक्ष्मी पौडेल | प्रशासन शाखा | |
| २४ | प्रकाश शाही | इन्जिनियर | |
| २५ | राज कुमार थापा | आर्थिक प्रशासन शाखा | |
| २६ | नगेन्द्र भण्डारी | जिन्सी शाखा | |

प्रस्तावहरु:

१. प्रदेश समपूरक अनुदान माग गर्ने सम्बन्धमा ।

२. नवज्योति आ.वि. को भवन निर्माण कार्य सम्बन्धमा ।

३. राजश्व संकलनको स्थिति सम्बन्धमा ।

४. गरिबी निवारणको लागि लघुउद्यम कार्यक्रमको सम्बन्धित बजेट सम्बन्धमा ।

५. भूमि सुधार तथा मालपोत कार्यालय र नापी कार्यालयको माग सम्वन्धमा ।

६. उप-प्रमुखको उपचार खर्च सम्बन्धमा ।

७. कोल्ड स्टोर सञ्चालन सम्वन्धमा ।

८. विविध ।

निर्णय नं. १ प्रदेश समपुरक अनुदानका लागि बेल्वाबज्जा देखि पदनाह हुँदै बैरियासम्म सडक कालोपत्रे गर्ने योजनालाई लुम्बिनि प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. २ यस नगरपालिकाबाट नवज्योति आ.वि., शक्तिनगरका लागि योजना माग भएकोमा प्राविधिक कारणवश प्रदेशबाट योजना कायम हुँदा "जनशक्ति आ.वि." शक्तिनगर भई आएको देखिन्छ । सो स्थानमा योजनाको आवश्यकता नभएको र माग भए बमोजिम नवज्योति आ.वि. मै ठेक्का भई निर्माण कार्य समेत सम्पन्न भइसकेको हुँदा, प्रदेशबाट कायम भई आएकै नामबाट भुक्तानी प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ३ बारबर्दिया नगरपालिकाले आव २०८२/०८३ का लागि प्रक्षेपण गरेको राजश्व रकम संकलनको लक्ष्यमा पुग्नका लागि राजश्व परामर्श समितिलाई निश्चित कार्ययोजना बनाई अनुगमन कार्य अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४ बारबर्दिया नगरपालिकाको १७ औ नगरसभाबाट गरिवी निवारणका लागि लघुउद्यम कार्यक्रमको बजेट पारित भएकोमा पुनः २०८२ आश्विन महिनामा संशोधित बजेट प्राप्त भएको हुँदा उक्त संशोधित बजेटलाई पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाडौंको मिति २०८३/१/१० गतेको प्रकाशित सूचना अनुसार भूमि प्रशासन सम्बन्धि सेवाहरु स्थानीय तहबाट

प्रमुख प्रशासकीय अधिकृत

प्रवाह गर्न चाहने पालिकाले सो व्यवस्थाका लागि माग गरी पठाउने भनिएकोमा बारबर्दिया नगरपालिकाबाटै भूमि सुधार तथा मालपोत कार्यालय र नापी कार्यालयले प्रवाह गर्ने सेवा माग गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ६ नगर उप-प्रमुखको क्यानसर रोगको उपचारार्थ गाडी वहाल बापत रु १,००,०००/- ( अक्षरुपी एक लाख रुपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७ कोल्ड स्टोर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ सम्बन्धमा सघन रुपमा छलफल गरी पालिकाको विधायन समितिलाई उक्त कार्यविधि तयारीका लागि जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ८ बारबर्दिया नगरपालिका वडा नं. ११ जब्दी बस्ने जगनाथ थारुको नाति भागिराम थारुको छोरा ना.प्र.नं. १३१२ भएका विहारी लाल थारुको घरमा मिति २०८३/१/५ गतेका दिन गोठमा आगलागी भएकाले विपद व्यवस्थापन कोषबाट निजलाई रु.१५,०००/-( अक्षरुपी पन्ध्र हजार रुपैया मात्र) रकम दिने निर्णय गरियो ।

बारबर्दिया नगरपालिका
नगरपालिकाको कार्यालय
जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत